आँबुखैरेनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या ०८२/०८३
चलानी नं

मिति: २०८२/०६/२८

श्री यो जो जससंग सम्बन्धित छ ,

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

तनहुँ जिल्ला आँबुखैरेनी गाउँपालिका अन्तर्गत चण्डीदेवी आधारभूत विद्यालय, आँबुखैरेनी- ६, तनहुँमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको च. नं. ३९ मिति २०८२/०६/२८ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची -१७ बमोजिमको ढाँचामा हाल आफू कार्यरत रहेको विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयकाको इमेल ठेगाना chandidevi2036@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ, तनहुँ ।
श्री चण्डीदेवी आधारभूत विद्यालय, आँबुखैरेनी-६, तनहुँ ।
श्री सूचना प्रविधि शाखा, आँबुखैरेनी, तनहुँ: सूचना वेबसाइटमा अपलोड गरिदिनु हुन ।

०८२/०६/२८
प्रमुख प्रशासकिय अधिकृत

Phone No: 065-540082, Email: akruralmunicipality73@gmail.com, web: aanbookhairenimun.gov.np